www.bgmcl.com



# २५ औं

# वार्षिक प्रतिवेदन
## Annual Report
२०८१/०८२

**बौद्ध ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.**

**Bauddha Grameen Multipurpose Co-operative Ltd.**

**केन्द्रीय कार्यालय**: बिरेन्द्रनगर-९, लाटिकोइली, सुर्खेत, नेपाल

# नेपालको नक्सामा संस्थाको कार्यक्षेत्र




■ कार्यक्षेत्र विस्तार गरिएको जिल्लाहरु




# विषय सूचि


| क्र.स. | विवरण | पृष्ठ |
|---|---|---|
| १. | संस्था परिचय | २ |
| २. | संस्थागत संरचना | ३ |
| ३. | संचालक तथा लेखा समितिका पदाधिकारीहरु | ४ |
| ४. | २५ औं बार्षिक साधारण सभा सम्बन्धि सूचना | ५ |
| ५. | अध्यक्षज्यूको तर्फबाट | ७ |
| ६. | सञ्चालक समितिको बार्षिक प्रतिवेदन | ९ |
| ७. | लेखा समिति प्रतिवेदन | १८ |
| ८. | प्रस्तावित नीति तथा कार्यक्रम | २१ |
| ९. | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | २४ |
| १०. | वासलात | २६ |
| ११. | नाफा-नोक्सान हिसाव | २७ |
| १२. | नाफा बाँडफाँड हिसाव | २८ |
| १३. | नगद प्रवाह विवरण | २९ |
| १४. | इक्विटिमा भएको परिवर्तन सम्बन्धि विवरण | ३० |
| १५. | लेखासंग सम्बन्धित टिप्पणीहरु | ३१ |
| १६. | प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु | ५१ |
| १७. | संस्थाले विगत ५ बर्षमा हासिल गरेका मुख्य उपलब्धिहरु | ५३ |
| १८. | विभिन्न चार्टहरु | ५५ |
| १९. | संस्थाको प्रमुख कर्मचारीहरुको प्रोफाईल | ५९ |
| २०. | संस्थाका सेवा केन्द्रहरुको संक्षिप्त विवरण | ६१ |
| २१. | संस्थाका विभिन्न गतिविधिहरु | ६९ |

## संस्था परिचय :

**"एकका लागि सबै, सबैका लागि एक"** भन्ने सहकार्यको भावनाबाट प्रेरीत भई मिति : २०५६ मंसिर ३ गतेका दिन तत्कालिन मध्यपश्चिम विकास क्षेत्रको सुर्खेत जिल्ला स्थित लाटिकोईली गा.वि.स. वडा नं. ८, लाटिकोईलीमा यस सहकारी संस्थाको शुत्रपात भएको थियो । मिति : २०५६/०८/०४ गतेका दिन यस संस्थाको प्रारम्भिक सभा बसि ९ जना महिला र १६ जना पुरुष गरी २५ जनाको सहभागीतामा तदर्थ समिति गठन भएको थियो, मिति: २०५६ पौष १ गतेदेखि बचत संकलन, २०५६ फागुन २९ गते कार्यालय स्थापना, २०५७ बैसाख १ गते प्रथम कर्जा लगानी गरेको यस सहकारी संस्थाले मिति : २०५७/०२/१२ गतेका दिन नेपाल सरकारको सहकारी विभागबाट सहकारी ऐन २०४८ को दफा ५ बमोजिम **श्री बौद्ध ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.** संस्था दर्ता नं. **११६(५०)०५६/०५७** मार्फत सहकारी संस्थाको रुपमा दर्ता प्रमाण पत्र प्राप्त गर्न सफल भएको थियो ।

स्थापनाकाल देखि सहकारीका माध्ययमबाट स्थानियस्तरमा छरिएर रहेको पुँजीलाई संकलन गरी आफ्ना सेयर सदस्यहरुलाई व्यापार व्यावसाय, पशुपालन, कृषिजन्य कार्य लगाएत उत्पादनमुखि क्षेत्रमा कर्जा लगानी गर्ने, सदस्यलाई विभिन्न समयमा आईपर्ने आर्थिक समस्याहरु समाधानका लागि कर्जा सुविधा उपलब्ध गराउदै सदस्यहरुको आर्थिक एवं सामाजिकस्तर माथि उठाउने कार्य गरीरहेको यस सहकारी संस्थाले २०६३ जेष्ठ ४ गतेदेखि समुहमा आधारीत लघुवित्त कार्यक्रम संचालनमा ल्याएको थियो । जसका माध्यमबाट संस्थाले आफनो कार्यक्षेत्र भित्रका मध्यम देखि अति विपन्न वर्गका सेयर सदस्यहरुलाई उनिहरुको घरदैलोमा गई वित्तिय साक्षरताका साथ सानो-सानो बचत, लघुकर्जा, विमा लगाएत सुरक्षा योजनाहरु व्यवस्थित रुपमा संचालन गर्न सफल भएको छ । विश्वका अन्य देशहरुमा रहेको लघुवित्त तथा सहकारी संस्थाहरुले उक्त देशका विपन्न वर्गका जनताहरुको आर्थिक तथा सामाजिकस्तरलाई माथि उठाउनका लागि संचालन गरेका कार्यक्रम तथा योजनाहरुबाट अभिप्रेरीत भई संस्थाले कर्णाली प्रदेशमा उत्पादन, बजारीकरण, स्वास्थ्य र शिक्षा क्षेत्रको विकासमा सहकारीका माध्यमबाट योगदान दिनका लागि मिति : २०७०/१०/२१ गते देखि सहकारी विभाग मार्फत संस्थाको प्रकृति परीवर्तन गरी **बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था**को रुपमा कर्णाली प्रदेशको **सुर्खेत, दैलेख, जुम्ला र जाजरकोट** जिल्लाभर आफ्नो कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

२०८२ असार मसान्तसम्म संस्थामा कुल ६३,७३४ जना सेयर सदस्य रहेको यस सहकारी संस्थामा ४८,०७३ जना महिला, १५,६५० जना पुरुष र ११ वटा संस्थागत सदस्य रहेका छन । कर्णाली प्रदेशको ४ जिल्लाभरमा कुल १३ नगरपालिका र २० गाउपालिकाका २४९ वडामा यस संस्थाको कार्यक्रमहरु संचालित रहेको छ । संस्थाले मिति : २०७२/०८/१५ गते बौद्ध ग्रामीण डेरी उद्योग स्थापना गरी दुग्ध डेरी उद्योग संचालन गरेको, मिति : २०७५/०५/२२ गते बौद्ध ग्रामीण प्रसोधित खानेपानी उद्योग स्थापना गरी शुद्ध पिउने पानीको उत्पादन तथा विक्रि वितरण गर्ने कार्य गरीरहेको, कृर्षि तथा पशुपालन क्षेत्रमा अध्ययन अनुसन्धान, तालिम एवं सदस्यहरुलाई कृर्षि कर्म गर्नका लागि भाडामा मेशिनरी औजार उपलब्ध गराउने उद्देश्यकासाथ मिति : २०७७/०६/०८ गते बिजी एग्रीकल्चर एण्ड रिसर्च सेन्टर नामक कृर्षि फर्मको स्थापना गरी संचालनमा गरीराखिएको छ, त्यसै गरी सदस्यका छोराछोरीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नकालागि मिति : २०७९/०९/२९ गते देखि बिजी एकेडेमी एण्ड रिसर्च सेन्टर नामक सहकारी विद्यालय स्थापना गरी संचालनमा ल्याएको छ ।

## संस्थाको संक्षिप्त विवरण

- **संस्थाको नाम :** बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.
- **मुख्य कार्यालयको ठेगाना :** वीरेन्द्रनगर नगरपालिका, वडा नं. ९, लाटिकोईली, सुर्खेत
- **संस्था स्थापना मिति :** २०५७/०२/१२
- **दर्ता नं. एवं दर्ता भएको कार्यालय :** ११६/०५०-(२०५६/०५७), डिभिजन सहकारी कार्यालय, सुर्खेत
- **सम्पर्क नं. :** ०८३-५२१९६९, ५२५४२५
- **Website :** www.bgmcl.com, **Email :** info@bgmcl.com
- **कुल कर्मचारी संख्या :** २६९ जना, (१४३ पुरुष, १२६ महिला)



**परिकल्पना (Vision)**

"गरिव तथा विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थान गरी देशको गरिवी निवारणमा योगदान गर्ने ।"




**अभियान (Mission)**

"गरिव तथा विपन्न वर्गलाई सहकारी मार्फत आर्थिक तथा सामाजिक उत्थान गर्ने ।"



**लक्ष्य (Goal)**

"आगामी ५ वर्षभित्रमा १ लाख जना सदस्यहरुलाई संस्थाका सेवाहरु प्रदान गर्ने ।"

# संस्थागत संरचना

- साधारण सभा
  - संचालक समिति
    - अन्य उपसमितिहरु
      - केन्द्रिय कार्यालय
        - » कोष व्यवस्थापन विभाग,
        - » कर्जा व्यवस्थापन विभाग,
        - » मानव संसाद्यन व्यवस्थापन विभाग,
        - » अनुसन्धान तथा विकास विभाग,
        - » सूचना प्रविधि व्यवस्थापन विभाग,
        - » तालिम तथा विकास विभाग,
        - ईलाका कार्यालय
          - शिक्षा क्षेत्र
            - बिजी एकेडेमी एण्ड रिसर्च सेन्टर
              - प्रशासन
                - » शैक्षिक प्रशासन ईकाई,
                - » पठनपाठन व्यवस्थापन एकाई,
                - » यातायत व्यवस्थापन इकाई,
                - » खेलकुद तथा अतिरिक्त क्रियाकलाप ईकाइ
          - उद्योग क्षेत्र
            - १) बौद्ध ग्रामीण पानी उद्योग
            - २) बौद्ध ग्रामीण डेरी उद्योग
              - प्रशासन
                - » कच्चा पदार्थ संकलन प्रसोद्यन तथा उत्पादन ईकाइ
                - » बजारीकरण तथा विक्रि ईकाइ
          - कृषि क्षेत्र
            - विजि एग्रिकल्चर एण्ड रिसर्च सेन्टर
              - प्रशासन
                - » फर्म व्यवस्थापन तथा उत्पादन ईकाइ
                - » बजारीकरण तथा विक्रि ईकाइ
                - » सदस्य तालिम तथा क्षमता विकास ईकाइ
          - बचत तथा ऋण क्षेत्र
            - सेवा केन्द्रहरु
              - प्रशासन
                - सहकारी विभाग
                - लघुवित्त विभाग
                  - » कर्जा व्यवस्थापन ईकाइ,
                  - » बजारीकरण तथा बचत व्यवस्थापन ईकाइ,
                  - » सदस्य तालिम तथा क्षमता विकास ईकाइ
  - लेखा सुपरीवेक्षण समिति
    - आन्तरीक लेखा परीक्षण विभाग (केन्द्रिय कार्यालयसँग थोप्ले रेखाले जोडिएको)

# संचालक तथा लेखा समितिका पदाधिकारीहरू

## संचालक समिति



**सिंह बहादुर गुरुङ**
अध्यक्ष



**पार्वती गुरुङ**
उपाध्यक्ष



**पासाङ महतारा**
सचिव



**पदमा महतारा**
कोषाध्यक्ष



**लक्ष्मी गुरुङ**
सदस्य



**लक्ष्मण रोकाया**
सदस्य



**लक्ष्मी गुरुङ**
सदस्य

## लेखा समिति



**कमल बुढा**
संयोजक



**चक्र बहादुर गुरुङ**
सदस्य



**सृजनासिंह ठकुरी**
सदस्य

# संस्थाका मुख्य पदाधिकारीहरू



**बिशाल के.सी.**
प्रमुख कार्यकारी अधिकृत



**धनबहादुर शाही**
मुख्य प्रबन्धक



**डम्बर विश्वकर्मा**
मुख्य प्रबन्धक

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत

## २५औं बार्षिक साधारण सभाको सूचना

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ३९ को उपदफा २, सहकारी नियमावली २०७५ को नियम १८, सहकारी संस्थाको साधारण सभा निर्देशिका २०७६ र यस सहकारी संस्थाको विनियम २०५७ को दफा २९ बमोजिममा भएको व्यवस्था बमोजिम यस संस्थाको २५ औं बार्षिक साधारण सभा आयोजना गर्ने सम्बन्धमा मिति: २०८२/०६/१० गतेको संचालक समितिको बैठक नं. ५१५ को निर्णय अनुसार संस्थाको २५ औं बार्षिक साधारण सभा संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ एकाईमा विभाजन गरी तपशिल बमोजिमको, मिति, समय र स्थानमा निम्न अनुसारको प्रकृयाहरु अबलम्बन गरि सम्पन्न गर्ने र उक्त साधारण सभा चुनावी साधारण सभा भएको हुदा संचालक समिति तथा लेखा समितिका पदाधिकारीहरुको चयन गर्नुपर्ने भएकाले सम्पूर्ण सेयर सदस्यज्युहरुलाई साधारण सभाको बैठकमा सहभागिताको लागि हार्दिक अनुरोध छ ।

**साधारण सभाका कार्यसूचीहरु :**

१. संस्थाको संचालक समितिको आ.ब.२०८१/०८२ को बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
२. आ.ब २०८१/०८२ को बार्षिक लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
३. संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
४. आ.ब २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा,
५. शेयर लाभांस पारित तथा वितरण गर्ने,
६. संरक्षित पूजी कोष तथा कर्मचारी बोनस पारित तथा वितरण गर्ने,
७. संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी छनौट गर्ने सम्बन्धमा ।
८. आ.ब २०८२/०८३ का लागि लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,
९. संस्थाको निति, कार्यविधि, निर्देशिका तथा थप परिपत्र पारित गर्ने,
१०. संस्थाको बचत तथा ऋणको व्याजदर, ऋण लगानी, बचत परिचालन सम्बन्धि परीवर्तन गरिएको नियमहरु अनुमोदन गर्ने ।
११. संस्थामा कर्मचारी दरबन्दि तथा पदपुर्ति सम्बन्धि भएका निर्णयहरु अनुमोदन गर्ने ।
१२. संस्थाको कार्यकारी प्रमुख तथा संचालक समितिको सेवा सुविधा एवं भत्ता निर्धारण गर्ने,
१३. संस्थाको कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने ।
१४. बाह्य संघ संस्था तथा बैंकसंग कर्जा कारोबार सम्बन्धमा,
१५. संस्थाको लागि खरीद गरिएको जग्गा तथा सम्पत्तिहरु स्वीकृत गर्ने,
१६. संस्थाको निमार्णाधिन भवनहरुको खर्च स्वीकृती गर्ने ।
१७. संस्थाको लागि आवश्यक जग्गा खरीद गर्ने,
१८. संस्थामा आवश्यक सवारी साधन तथा मेशिनरी औजारहरु खरीद गर्ने ।
१९. संस्थाको कार्यक्षेत्र थप गर्ने ।
२०. संस्थाको कार्यक्षेत्र भित्र सेवा केन्द्रहरु थप गर्ने ।
२१. संस्थाको विनियम २०५७ संसोधन गर्ने ।
२२. संस्थाको विद्यालय संचालन एवं व्यवस्थापनकोलागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२३. संस्थाको कृर्षि फर्म संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२४. संस्थाको डेरी उद्योग संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२५. संस्थाको पानी उद्योग संचालन एवं व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरु खरीद गर्ने ।
२६. अन्य सहकारी संस्थाहरुसंग एकिकरण गर्ने साथै एकीकरण गर्नको लागि अख्तियारी दिने ।
२७. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
२८. सम्पत्ति शुद्धिकरण निवारणतर्फका कार्यहरुको कार्यान्वयन सम्बन्धमा ।
२९. संस्थागत प्रतिनिधिको जानकारी ।
३०. प्रश्न वा सुझाव ।
३१. २५ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणीत गर्ने ।
३२. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा ।

**प्रतिनिधि छनौट/बिस्तारित मञ्च भेला) सम्बन्धी प्रक्रियाहरु तथा जानकारी :**
संस्थाका सम्पूर्ण कार्यक्षेत्रलाई निम्न अनुसारको ७ (सात) क्षेत्रमा विभाजन गरि प्रत्येक क्षेत्रमा निम्न अनुसारको मितिमा कार्यक्रम संचालन गरी तोकिए बमोजिमको प्रतिनिधि छनौट गर्दै अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु चयन गरिने छ ।

| एकाई बैठक नं. | सेवा केन्द्र तथा कार्यक्रम | एकाई बैठक हुने मिति | एकाई बैठक हुने स्थान | प्रतिवेदन वितरण हुने स्थान | सुझाव प्रदान गर्ने स्थान र मिति |
|---|---|---|---|---|---|
| १. | दुल्लु, राकम कर्णाली, ठाटिकाध | २०८२।०७।१७ | आठबिस न.पा. वडा नं ४, राकम कर्णाली | सम्बन्धित सेवा केन्द्रहरु | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |
| २. | खलंङ्गा, डिल्लीचौर, नराकोट | २०८२।०७।१९ | सिजा गा.पा. वडा नं. ३, नराकोट, जुम्ला | | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |
| ३. | नौमुले, चुप्रा, डुङ्गेश्वर | २०८२।०७।२१ | डुङ्गेश्वर गा.पा.वडा नं. १, चुप्रा | | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |
| ४. | बावियाचौर, बडडीचौर | २०८२।०७।२३ | बराहताल गा.पा. वडा नं. ५, बडडीचौर | | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |
| ५. | छिन्चु, मैनताडा, बोटेचौर, राकम | २०८२।०७।२५ | भेरीगंगा न.पा.१०, छिन्चु | | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |
| ६. | खलंङ्गा, थलह | २०८२।०७।२७ | भेरी न.पा. ४, जाजरकोट | | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |
| ७ | सहकारी लाटिकोईली, लाटिकोईली, सुन्दरनगर, मुलपानी, साटाखानी, मटेला | २०८२।०७।२९ | वीरेन्द्रनगर वडा नं. ३, सुर्खेत | | सम्बन्धित सेवा केन्द्रमा कार्तिक २९ गतेसम्म |

**एकाई प्रतिनिधिहरुको सभा तथा अन्तिम निर्णय प्रमाणिकरण कार्यक्रम :**
**मिति :** २०८२/०८/०३ गते,
**समय :** बिहानको ठिक ११:०० बजेदेखि ।
**स्थान :** केन्द्रिय कार्यालय, सभाहल, वीरेन्द्रनगर-०९, सुर्खेत ।

**अन्य**

१. साधारण सभा प्रयोजनको लागि संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ इकाइमा विभाजन गरिएको छ । साथै सम्पूर्ण सेवा केन्द्रहरु उपएकाई मानिएको छ ।
२. साधारण सभाको प्रतिवेदन सेवा केन्द्रमार्फत वितरण गरिने छ । संस्थाको Website : www.bgmcl.com पनि उपलब्ध हुनेछ ।
३. साधारण सभा प्रयोजनको लागि प्रत्येक एकाई, उपइकाईमा समान कार्यसूचीको आधारमा छलफल गरीनेछ ।
४. सदस्यबाट प्राप्त सुझावहरु लिखित रुपमा लिइने र उपयुक्त सुझावलाई अन्तिम निर्णयमा समेटिने छ ।
५. संस्थाको प्रतिवेदनमाथि सदस्यको कुनै सुझावहरु पेश गर्नुपर्ने भए मिति २०८२।०७।२९ गतेसम्म संस्थाको सेवा केन्द्रमा दिन सकिने छ । सदस्यले सुझाव संस्थाको ईमेल : info@bgmcl.com मा समेत पठाउन सक्नुहुने छ ।
६. एकाईमा हुने साधारण सभाबाट अन्तिम माईन्यूट प्रमाणित गर्नको लागि उपस्थित सदस्यहरु मध्येबाट २१ जना प्रतिनिधि सदस्य छनौट गरीनेछ ।
७. एकाईगत आयोजना गरीने साधारण सभाको सूचना पत्रपत्रिका, स्थानीय एफ.एम, संस्थाको वेभसाईट, फेसबुक पेज मार्फत जानकारी गराईएको तथा पत्राचार समेत गरिएको अवस्थामा कारणबस सूचना प्राप्त गर्न नसकेको भए यसै सूचनालाई आधार मानि साधारण सभामा उपस्थितीको लागि सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनुरोध छ ।

संचालक समितिको आज्ञाले,

**पासाङ्ग महत्तरा**
(सचिव)

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत



## अध्यक्षज्यूको तर्फबाट

आदरणीय सेयर सदस्य महानुभावहरु, संस्थाको संचालक समिति तथा लेखा समितिका पदाधिकारीज्यूहरु, कार्यकारी प्रमुखज्यू, यस सहकारी संस्थाका सम्पुर्ण कर्मचारी परीवार, सहकारी संस्थाका शुभचिन्तक, अभिभावक, बुद्धिजिवी तथा सहकारीसंग सरोकार राख्नुहुने सम्बन्धित सबै लाई सहकारी अभिवादनका साथ २५ औं बार्षिक साधारण सभामा हार्दिक स्वागत एवं सहकारी अभिवादन ।

मानव सभ्यताको सुरुवात ढुङ्गे यूगबाट शुरु भई अहिलेको आधुनिक यूगसम्म आईपुग्दा यो घर्तिमा एक पिढीले अर्को पिढीलाई आफुले जानेको ज्ञान, वुद्धि, विवेक र आर्जन गरेको सम्पत्ति हस्तान्तरण गर्दै आएको पाईन्छ। जब मानिस सभ्य र संगठित हुन सिक्यो उसले एउटा समुन्नत समाजको परीकल्पना गर्दै समाज निमार्ण र विकास गर्दै गएको पाईन्छ। यसरी स-साना समाजहरु मिलेर देश बनेको हुन्छ । एउटा देशलाई आर्थिक, सामाजिक, सास्कृतिक, भौगोलिक रुपमा विकसित हुनकालागि उक्त देशमा बसोबास गर्ने देशवासीहरुले थुप्रै योगदान दिनुपर्ने हुन्छ, देशलाई समृद्ध बनाउनका लागि देशको यूवाशक्तिले देश भित्र थुप्रै कामहरु गर्नुपर्ने हुन्छ । एउटा कृषि प्रधान देशको रुपमा परीचित हाम्रो देशमा पुर्वजहरुले आफ्ना सन्ततीलाई खुवाउने खाना, लगाउने लुगा सबै आफैले बनाउथे, भाषा, कला, संस्कृतीको विकासमा हाम्रो देश विश्वको अन्य देशहरुभन्दा धेरै नै अघि रहेको पाईन्छ । विश्वको प्राचिन देशको रुपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल हाम्रो देश विस्तारै विस्तारै आफ्नो पहिचान गुमाउदै जाने क्रममा देखिएको छ, किनकी यो देशका धेरै जसो नागरीकहरुलाई देश भित्र बसेर केहि गर्न सकिन्छ वा गर्नुपर्छ भन्ने भावना भन्दा पनि विदेशमा गएरमात्र केहि गर्न सकिन्छ भन्ने भावनाले ग्रसित बनाएको पाईन्छ, जुन कारण देश भित्रको यूवा शक्ति रोजगारीको खोजिमा कानुनी, गरैकानुनी बाटो अपनाई विदेशिने क्रम बढिरहेको छ भने अर्कोतर्फ उर्वर क्षमता भएको हाम्रो गाउघरका खेतबारीहरु बाझो रहने क्रम बढेको बढ्यै छ ।

आज विश्वका ठुला देशहरुका बिच स्वाभिमानका लागि व्यापार यूद्ध भईरहेको पाईन्छ, अमेरीका जस्तो ठुलो देशले आफ्नो देशमा राष्ट्रियताको ठुला मुद्धा उठाएको पाईन्छ, जसमा आफ्नो देशमा आयात भएका अन्य देशमा उत्पादित सामाग्रीहरुले गर्दा देशमा नागरीकहरुको रोजगार गुमेको, देशको आम्दानी अन्य देशमा गएको जस्ता बिषयहरुमा व्यापक चर्चा भइरहेको पाईन्छ। आज विश्वमा ठुला ठुला देशहरुमा उक्त देशका जन्ताले आप्रवासीहरुलाई पनि ठुलो मुद्धाको रुपमा उठाईरहेको पाईन्छ, जसको अर्थ आफ्नो देशमा अन्य देशका मानिसहरु आई बसेर परेका नकारात्मक प्रभाववारे समेत उक्त देशका जन्ताहरुले सरकारको विरोध गर्न थालेका छन् । विश्वमा भईरहेका यस्ता क्रियाकलापबाट हामिले बेलैमा सचेत भई आफ्नो देश बनाउन तर्फ जोड दिनुपर्ने देखिन्छ। हामी हाम्रो दैनिक जीवनयापनका लागि चाहिने सामाग्रीहरुका लागि छिमेकी देशहरु माथि निर्भर हुदै गईरहेको छौ, यदि भबिष्यमा उक्त सामाग्रीहरु हामी कहा आउन छाडे हामिले के खाने ? के लाउने ? कृर्षिजन्य वस्तुको खरीदबाट मात्रै बार्षिक रुपमा खरबौं रुपैया हाम्रो देशबाट बाहिरी देशहरुमा गईरहेको छ भने मिसावट र विषादीयूक्त खानेकुराको कारण मानिसको अल्पआयूमा मृत्यूहुने, क्यान्सर जस्ता प्राणघातक रोगलाग्ने, वालवालिकाको शारीरीक विकास नहुने जस्ता समस्याहरु हाम्रा देशबासीहरुले झेल्नुपर्ने बाध्यता रहेको देखिन्छ। हामीले दैनिक उपभोग गर्ने आयातित सामाग्रीहरु उपभोग गर्न योग्य छन वा छैनन ? तिनमा विषादीको प्रयोग के कति भएको छ ? त्यसले हाम्रो स्वास्थ्यमा के कस्तो प्रभावपार्छ ? यस्ता कुराहरु पनि हामीले गहनरुपमा सोच्नुपर्ने बेला भएको छ । हामी हाम्रो देशमा रोजगार भएन भन्छौ तर कोरीया, जापान, पोर्चुगल, बेलायत जस्ता देशहरुमा गएका हाम्रा अधिकाशं यूवाहरु प्राय कृर्षि क्षेत्रमा काम गरेको देखिन्छ, विश्वका अन्य देशहरुले आफनो कृर्षि उत्पादनको विकासमा अध्ययन अनुसन्धान, विउविजनमा विविधता ल्याई कृर्षि क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको देखिन्छ ।

कुनै पनि देशको विकास हुनका लागि राजनैतिक स्थिरता हुनु पर्दछ । जसका लागि देशका जनता समेत शिक्षित र जागरुक हुन जरुरी हुन्छ । हाम्रो देशमा नया यूवा पुस्ता जेन जी ले हाल ठुलो राजनैतिक क्रान्ति गरी देशको राजनैतिक व्यवस्थालाई एक अलग दिशा प्रदान गरेको छ । चुनावको घोषणा गरीएको छ, अब हाम्रो देशमा के हुने हो ? अन्यौल्ता छाएको छ, यसका बाबजुद देशमा यूवाहरुको योगदान र वलिदानले एक योग्य र सक्षम व्यवस्था आए पक्कै पनि यो क्रान्तिले सफलता पाउनेछ, जसका लागि हाम्रो देशका सबै देशबासीहरु जागरुक हुन जरुरी देखिएको छ । देशको गरीबीलाई हटाई देशलाई आर्थिक रुपले सम्पन्न बनाउनुमा हरेक नागरीकको ठुलो भुमिका हुने गर्दछ । अब हामी यस देशमा बसोबास गर्ने नागरीकहरुले हाम्रा दैनिक आवश्यकताका वस्तुहरुको पहिचान गरी त्यसका उत्पादन गर्दै स्थानिय बजारमा विक्रि वितरण गर्ने, एकल वा सामुहिक खेति प्रणालीको विकास गरी कृषि क्षेत्रमा आत्मनिर्भरता हासिल गर्दै जाने, विभिन्न सिप सिकेर श्रम बजारका लागिमा चाहिने जनशक्तिको अभाव पुरा गर्ने, हामीले हाम्रो विभिन्न भाषा, संस्कृति र कलाहरुको संरक्षण प्रवर्द्धन गर्ने, कृषि पर्यटनका कार्यक्रमहरु संचालन गर्ने, अर्गानिक तथा प्राकृतिक खेति गरी रैथाने वालिहरुको उत्पादन गर्ने र देश भित्र आन्तरीक एवं बाह्य पर्यटन विस्तार गर्न सकेमा समेत हाम्रो आम्दानीमा आयस्तरमा आमुल परीवर्तन आउन सक्ने देखिन्छ । हामीले सहकारीका माध्ययमबाट विभिन्न कल कारखानाहरुको स्थापना गरी बाहिरबाट आयातहुने उपभोग्य वस्तुहरु अफ्नै ठाउमा उत्पादन गर्न सकिन्छ । कृषि क्षेत्रमा आएको आमुल परिवर्तनसंगै आधुनिक कृषिक्रान्ति तर्फ उन्मुख भई हामी आफु अनि आफ्नो गाउ समाजलाई स्वावलम्वी र स्वनिर्भर बनाउन सक्छौं । गाउघरमा बाझा रहेका जमीनमा आधुनिक कृषि प्रणालीको विकास गरी उच्च मुल्यका कृषिजन्य वस्तुहरुको उत्पादन, जडिबुटी उत्पादन गरी आर्थिक सम्पन्नता तर्फ अघि बढन सक्छौ । विदेशीयका यूवाहरुलाई आफनो गाउ फर्काई स्वरोजगार बनाउन सक्छौ ।

हाम्रो यस सहकारी संस्थाले हाल २५ बर्ष पार गरी रजत जयन्ती मनाउन सफल भएको छ । जसको लागि म यहाँहरु सबैलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । कर्णाली प्रदेशमा आजभन्दा २५ बर्ष अघि २५ जना सेयर सदस्यबाट शुरु भएको यो अभियान आज करीब ६४ हजार घर परीवारको साझा संस्थाको रुपमा स्थापित हुन सफल भएको छ । २५ बर्षमा हामिले प्राप्त गरेको उपलब्धि र अनुभवलाई प्रयोग गरी ठुला भन्दा ठुला कामलाई समेत सरल र सहज ढंगले संचालन गर्न सक्छौ । हालसम्म यस सहकारी संस्थाले डेरी उद्योग, पानी उद्योग, कृषि फर्म तथा अनुसन्धान केन्द्र, अत्याधुनिक भैसि फर्म संचालन, कस्टम हायरिङ्ग सेन्टर, सहकारी बिद्यालय स्थापना गरी संचालन ल्याउन सफल भएको छ । हाम्रा सेयर सदस्यहरुले साथ दिएमा हामि यस संस्थालाई भबिष्यमा कृषि, शिक्षा, स्वास्थ्य र उद्यम विकासका लागि अझै योजनाबद्ध तरीकाबाट अघि बढाउने छौ, सहकारीबाट गर्न सकिने आर्थिक तथा सामाजिक क्रान्ति मार्फत यस क्षेत्रमा अझै योगदान दिनेछौ । संस्थाले बनाएको योजनामा लगानीको पनि आवश्यकता पर्न जान्छ, यसै कुरालाई मध्यनजर गर्दै संस्थाको तर्फबाट सम्पुर्ण सेयर सदस्य ज्यूहरुलाई सेयर लगानी बृद्धि तथा बचत कारोबार बृद्धि गर्दै थोरै भएपनि कर्जा कारोबार गरी कृषि, व्यापार व्यावसाय, उद्यम जस्ता क्षेत्रमा लगानी गर्नुहुन अनुरोध गर्दछु । यस संस्थाको सेयर सदस्य ज्यूहरुको माया र विश्वास प्राप्त भएमा यस सहकारी संस्थालाई कर्णाली प्रदेशमा मात्र नभै नेपालकै एक नमुना सहकारी संस्थाको रुपमा विकास गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

अन्तमा यस सहकारी संस्थाको २५ औं बार्षिक साधारण सभालाई सफलताका साथ सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका पदाधिकारीज्यूहरु, सम्पूर्ण सेयर सदस्यज्यूहरु र कार्यक्रम संचालन व्यवस्थापन गर्नुहुने कर्मचारी भाईबहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दै आफना भनाईहरु यहि शेष गर्दछु धन्यवाद । जय सहकारी ॥

**सिंह बहादुर गुरुङ्ग**
अध्यक्ष

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत

## २५ औं बार्षिक साधारणसभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.को २५ औं बार्षिक साधारणसभाको सभाअध्यक्षज्यू, लेखासमितिका संयोजकज्यू, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखासमितिका पदाधिकारीज्यूहरु, संस्थाका सम्पूर्ण सेयर सदस्यज्यूहरु, यस संस्थाका सम्पूर्ण शुभचिन्तकज्यूहरु, संस्थाको कार्यकारी प्रमुखज्यू, मुख्य प्रबन्धकज्यूहरु, वरिष्ठ प्रबन्धक ज्यूहरु, सह प्रबन्धकज्यूहरु, शाखा प्रमुख लगाएत तथा यस संस्थाका सम्पूर्ण कर्मचारी भाईबहिनीहरुमा संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिवादनका साथ आजको यस सभामा हार्दिक स्वागत गर्दछु ।

नेपाल सरकारको सहकारी ऐन २०७४ को दफा ३९ को उपदफा २, सहकारी नियमावली २०७५ को नियम १८, सहकारी संस्थाको साधारण सभा निर्देशिका २०७६ र यस सहकारी संस्थाको विनियम २०५७ को दफा २९ बमोजिममा भएको व्यवस्था बमोजिम र राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरीएका निर्देशनहरुको पालना गर्दै ४ जिल्लामा रहेका सेवा केन्द्रहरुलाई ७ वटा एकाईमा विभाजन गरी एकै कार्यसुची निमार्ण गर्दै आज हामी २५ औं बार्षिक साधारण सभा आयोजना गर्न गईरहेका छौ । आज यस कार्यक्रममा म सहकारी संस्थाको आर्थिक बर्ष २०८१/०८२ मा भएको वित्तिय कारोबार एवं संस्थाका उपलब्धिहरुको बारेमा सम्पूर्ण सेयर सदस्यज्यूहरु समक्ष संचालक समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्दछु ।

### १) नेपालको महत्वपूर्ण आर्थिक परिसूचकहरुको विश्लेषण र सहकारी क्षेत्रको अवस्था :

- नेपाल सरकारको अर्थमन्त्रालयद्वारा प्रकाशित गरिएको बार्षिक प्रतिवेदन अनुसार आर्थिक बर्ष २०८१/०८२ मा नेपालको आर्थिक बृद्धि ४.६१ प्रतिशत रहेने अनुमान रहेको थियो ।
- आर्थिक बर्ष २०८१/८२ मा प्रतिव्यक्ति राष्ट्रिय आय अमेरिकी डलरमा बार्षिक १४९६ रहने अनुमान रहेको थियो ।
- आर्थिक बर्ष २०८१/८२ मा बार्षिक औसत मुद्रस्फीति ४.०६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक बर्ष यस्तो मुद्रस्फीति ५.०८ प्रतिशत रहेको थियो ।
- २०८२ असारसम्ममा नेपालमा बैंक तथा वित्तीय संस्थाहरुको संख्या १०७ वटा रहेका छन । जसमध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्ति कम्पनि, ५२ लघुवित्त वित्तीय संस्था र १ पुर्वाधार विकास बैंक रहेका छ ।
- २०८० फागुन मसान्तसम्ममा नेपालमा १९ वटा जीवन विमा कम्पनी, १६ निर्जीवन वीमा कम्पनी र २ पुनर्वीमा कम्पनि गरी बीमा कम्पनीको संख्या ३७ रहेको छ । देशको कुल जनसंख्याको करिब ४४ प्रतिशत जनताको मात्र वीमामा पहुच पुगेको छ। नेपाल सरकारले कृषि तथा पशुपंक्षी पालन व्यावसायमा कृषकलाई विमा गराउदा बीमा वापत लाग्ने शुल्कमा ८० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरिएको छ ।
- नेपालको कुल ७५३ स्थानीय तह मध्ये ४६० गाउपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका रहेका छन् । जसमध्ये प्रदेश नं. १ का १४ जिल्लामा सबैभन्दा बढी (१३७ स्थानीय तह) र कर्णाली प्रदेशका १० जिल्लामा सबैभन्दा कम (७९ स्थानीय तह) रहेका छन् ।
- २०८१ फागुनसम्ममा नेपालमा सहकारी संस्थाहरुको संख्या ३२,९६५ रहेको छ, जसमा सेयर सदस्य संख्या १,०९,०५,१९२ जना रहेको छ। यस अवधिमा सहकारी क्षेत्रमा रु.११ खर्ब २५ अर्ब २८ करोड बचत परिचालन भई रु.९ खर्ब २३ अर्ब ४७ करोड कर्जा प्रवाह भएको छ । जसमा ९०,२६५ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन ।

- नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.२ प्रतिशत, उद्योग क्षेत्रको १२.९३ प्रतिशत र सेवा क्षेत्रको ६२.०१ प्रतिशत रहेको छ। जसमा कृषि क्षेत्रको योगदान क्रमशः बढदै गएको छ।
- नेपालबाट बैदेशिक रोजगारीमा जान श्रम स्वीकृत लिने कामदारको संख्या २०८१ फागुनसम्म ६४ लाख नाघेको छ। सो जसले गर्दा यस अवधिमा विप्रेषण आप्रवाह ९.४ प्रतिशतले बढेको छ।
- विगत लामो समयदेखि नेपालको गरिवी घट्दै गएपनि गरीबी न्यूनीकरणमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। नेपालको निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत रहेको छ। ग्रामीण क्षेत्रमा निरपेक्ष गरिबी २४.६६ प्रतिशत र शहरी क्षेत्रमा १८.३४ प्रतिशत रहेको छ।

*(स्रोत : नेपाल सरकार, अर्थमन्त्रालय, आर्थिक सर्वेक्षण २०८१/०८२)*

## २) आर्थिक बर्ष मा २०८१/०८२ मा संस्थाको कार्यसम्पादन समिक्षा :

विश्वको ठुला देशहरुको आर्थिक एवम् राजनीतिक परिदृश्यमा देखिएको अस्थिरता र अनिश्चितताको कारण व्यापार तनाव, न्यून लगानी, आपूर्ति श्रृखलामा देखिएको अवरोधका कारणबाट विश्व अर्थतन्त्र प्रभावित भई आर्थिक गतिविधिमा सुस्तता आई विश्व अर्थतन्त्रको बृद्धिदर कम हुने अनुमान देखिएको छ। ठूला अर्थतन्त्रबीच एक आपसमा भन्सार दर बढाउने होडबाजीले खुला, उदारीकरण तथा विश्वव्यापीकरणको मान्यता र स्थापित सिद्धान्त प्रतिकूल हुनेगरी विश्व अर्थतन्त्र संरक्षणवाद तर्फ उन्मुख हुदै गएको छ। विश्वमा पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारण ईन्धनजन्य वस्तुको मूल्य घटने अनुमान रहेको छ भने व्यापार यूद्धका कारण आयातीत वस्तुको मूल्य घट्ने अनुमान रहेको छ। त्यसै गरी हाम्रो देशको राजनिति अस्थिरता, बेरोजगारी र गरीबीका कारणले गर्दा देशमा भएका विकासका निरन्तर प्रयासका बावजुद अर्थतन्त्रमा खासै परीवर्तन आउन नसकेको कारण उच्च गरिवी, न्यून आर्थिक बृद्धिदर, उच्च आर्थिक असमानता, उच्च बेरोजगारीको स्थिति विद्यनमान रहेको छ, वित्त बजारमा भएको ठुलो उतार चढाव र बजारमा बढदो प्रतिस्पर्धाको बाबजुद पनि आर्थिक बर्ष २०८१/०८२ मा संस्थाले निक्षेप, कर्जा, मुनाफा, सेवा आदी क्षेत्रहरुमा सन्तोषजनक सफलता हासिल गरेको कुरा जानकारी गराउन पाउदा हामीलाई खुसी लागेको छ। समिक्षा अवधिमा संस्थाले हासिल गरेको आर्थिक प्रगतीको संक्षिप्त रुपरेखा निम्नबमोजिम प्रस्तुत गरेको छौं।

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | बढी/(घटी) | |
|---|---|---|---|---|
| | | | | प्रतिशतमा |
| कुल सम्पत्ति | २२४७०९६८८५ | २१९०१२३४८१ | ५६९७३४०४ | ३% |
| निक्षेप दायित्व | १५०३४४३७२५ | १३६०६८५५७४ | १४२७५८१५१ | १०% |
| बाह्य ऋण | ० | ११८९३९३९३ | -११८९३९३९३ | -१००% |
| कर्जा लगानी | १४९०७३२७३२ | १५२३७६०९३२ | -३३०२८२०० | -२% |
| व्याज आम्दानी | २२६५६८५१२ | २७७१९६१२१ | -५०६२७६०८ | -१८% |
| व्याज खर्च | ११५७९६७५४ | १४२७५१६४० | -२६९५४८८६ | -१९% |
| **खुद व्याज आम्दानी** | ११०७७१७५९ | १३४४४४४८१ | -२३६७२७२२ | -१८% |
| अन्य संचालन आम्दानी | ११९०९८१४८ | १२४७००५०५ | -५६०२३५७ | -४ |
| **जम्मा संचालन आम्दानी** | २२९८६९९०७ | २५९१४४९८६ | -२९२७५०७९ | -११% |
| संचालन खर्च | २१३३८५५१५ | २३९३७४५०९ | -२५९८८९९४ | -११% |
| संचालन नाफा/ (नोक्सान) | १६४८४३९२ | १९७७०४७६ | -३२८६०८५ | -१७% |
| गैर संचालन आम्दानी | | १३७५८१ | -१३७५८०|८२ | -१००% |
| खुद नाफा/ (नोक्सान) | १२८६४६११ | १६५८१७६६ | -३७१७१५६ | -२२% |

**क) कारोबारमा भएको थपघट :**

समिक्षा अवधिको वित्तीय विवरणलाई हेर्दा कोभिड १९ यता अर्थव्यवस्थामा आएको संकुचन, यूवाहरु विदेश पलायन हुदा व्यापार व्यावसायमा आएको गिरावटले गर्दा पुजीबजारमा लगानी खासै बढन नसकेको अवस्थामा संस्थाको वासलातको आकार गत आ.व.को तुलनामा ३ प्रतिशतले बृद्धिहुन गई प्रस्तुत आ.व.मा रु. २ अर्ब २४ करोड ७० लाख ९६ हजार ८८५ रुपैया हुन पुगेको छ ।

**ख) निक्षेप :**

विगत आ.व.को तुलनामा समिक्षा अवधिमा वित्तिय क्षेत्रमा विभिन्न उतारचढावका बाबजुद यस सहकारी संस्थामा कुल निक्षेप कारोबारमा १० प्रतिशतले बृद्धि हुन गई कुल निक्षेप रु. १ अर्ब ५० करोड ३४ लाख ४३ हजार ७२५ रुपैया पुगेको छ ।

**ग) बाह्य ऋण दायित्व :**

संस्थाले लिएको बाह्य ऋण घटाउने लक्ष्य बमोजिम समिक्षा अवधिमा बाह्य ऋण शत प्रतिशत घटाई शुन्य रहेको छ ।

**घ) कर्जा लगानी :**

वित्त बजारमा आएको उतारचढावलाई मध्यनजर गर्दै संस्थाले यस आ.ब.मा कर्जा लगानीमा बिशेष संयमता अपनाएको छ, आ.व.२०८१/८२ मा सेयर सदस्यहरुलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्नको निमित्त १ अर्ब ३४ करोड २७ लाख ९३ हजार ९०० रुपैया नया कर्जा लगानी गरिएको थियो, सोहि आ.ब.मा १ अर्ब ३७ करोड ५८ लाख २२ हजार ९९ रुपैया पुरानो कर्जा असुल भएको छ । आ.ब.को अन्त्य सम्ममा कुल १ अर्व ४९ करोड ७ लाख ३२ हजार ७३२ रुपैया कर्जा लगानीमा बाकि रहिरहेको छ ।

देशमा आएको आर्थिकमन्दिबाट सदस्यहरुलाई कर्जाको किस्ता व्याज तिर्नमा हुन जाने समस्यालाई मध्यनजर गरेर कर्जाको किस्ता पुर्नतालिकीकरण, समयावधि थप, नवीकरण जस्ता प्रक्रिया अपनाई भाखा नाघेको कर्जालाई व्यवस्थापन गरिएको थियो । महामारीको कारण केहि कर्जामा भाखा नाघेको दर बृद्धि भएपनि सदस्यहरुले सहजरुपमा किस्ता तिर्ने वातावरण बनाईएको हुदा हाल उक्त दर न्यून हुदै आईरहेको छ, जसका कारण खराब कर्जाको स्तरलाई क्रमश घटाउदै ल्याईएको छ । यस अवधिको अन्त्यसम्ममा संस्थाको कर्जा तर्फको जोखिम कम गर्नका लागि सहकारी विभागको मापदण्डमा दिईएको निर्देशन बमोजिम ६ करोड ६३ लाख २४ हजार ९०१ रुपैया ऋण नोक्सानी कोषमा रकम व्यवस्था गरीराखेको छ । संस्थाको कर्जा असुली दर ९५.७१ प्रतिशत रहेको छ ।

**ङ) मुनाफा :**

आर्थिक बर्ष २०८१/०८२ मा संस्थाको कुल संचालन आम्दानी २२ करोड ९८ लाख ६९ हजार ९०७ रुपैया भएको छ, भने संचालन खर्च २१ करोड ३३ लाख ८५ हजार ५१५ रुपैया हुन गएको छ । संचालन आम्दानीबाट संचालन खर्च घटाउदा संचालन नाफा १ करोड ६४ लाख ८४ हजार ३९२ रुपैया भएको छ भने उक्त नाफामा आयकर तथा बोनस कोष व्यवस्थापन पश्चात खुद नाफा १ करोड २८ लाख ६४ हजार ६११ रुपैया कायम हुन गएको छ। तुलनात्मकरुपमा विगतका आ.व. भन्दा संस्थाको नाफा प्रभावित भएको जसको मुख्य कारण लगानीमा भएको न्यूनबृद्धि रहेको छ । त्यसैले संस्थाले आउदो आ.व.मा कर्जा लगानीलाई बृद्धि गर्नका लागि विविध रणनितिहरु अवलम्वन गर्नेछ ।

**च) तरलता व्यवस्थापन :**

समिक्षा अवधिमा संस्थाको तरलता व्यवस्थापन सन्तोषजनक रहेको छ । जसमा संस्थाले कुल बचतको ३० प्रतिशत रकम ४५ करोड ४१ लाख ५१ हजार १३३ रुपैया तरलता स्वरुप नगद तथा बैंक मौज्दातमा राखेको छ ।

**छ) डेरी उद्योग संचालन :**

यस संस्थाले सदस्यहरुले संचालन गरेको गाई तथा भैसीपालन व्यावसाय मार्फत उत्पादिन दुधलाई बजारीकरण गर्ने उद्देश्यका साथ स्थापना गरिएको बौद्ध ग्रामीण डेरी उद्योगबाट समिक्षा अवधिमा किसानहरुबाट १,९५,९१४ लिटर दुध खरीद गरेको जसवापत किसानहरुलाई रु.१ करोड ४६ लाख ९३ हजार ५८२ रुपैयाको भुक्तानी गरिएको छ । यसैगरी उक्त दुधलाई प्रसोधन गरी दुध, दहि, घिउ, क्रिम, पनिर, वटर, मोहि, छेन्ना उत्पादन गरेर कुल १ करोड ९३ लाख ६९ हजार ८०९ रुपैयाको दुग्धजन्य सामाग्री विक्रि वितरण गरिएको छ ।

**ज) पानी उद्योग :**

संस्था मार्फत संचालन गरिएको बौद्ध ग्रामीण प्रसोधित खानेपानी उद्योगमा आ.व. २०८१/०८२ मा १ करोड २३ लाख १८ हजार ६२२ रुपैयाको कच्चा पदार्थ खरीद गरिएको थियो भने उक्त उद्योगबाट २ करोड ६९ लाख ५३ हजार ९४८ रुपैयाको बोटल तथा जारको पानी प्रसोधन गरी विक्रि वितरण गरिएको छ ।

**झ) कृर्षि उद्योग :**

सदस्यको कृर्षि क्षेत्रमा ज्ञान बृद्धि गर्नको लागि कृर्षि सम्बन्धि अध्ययन अनुसन्धान गर्ने, सदस्यहरुलाई तालिम दिई आधुनिक र व्यवस्थित कृर्षि पेशामा अघि बढाउने उद्देश्यका साथ स्थापना गरिएको बिजी एग्रीकल्चर एण्ड रिसर्च सेन्टरमा आ.व.२०८१।०८२ मा धान, गहु, तरकारी, फुल, जहु, जौ, तोरी, दुध तथा कम्पोष्ट मल उत्पादन गरी रु.१७ लाख ९४ हजार ४८२ रुपैयाको कृर्षिजन्य वस्तु विक्रि गरीयो । सो फर्ममा भारतको हरीयाणाबाट मुर्रा जातको भैसी एवं रागो ल्याएर दुग्ध उत्पादन बृद्धि गर्नको लागि नश्ल सुधार र उन्नतजातको पशुपालन सम्बन्धि अनुसन्धान गरिएको छ, सुर्खेत वीरेन्द्रनगर ९, तिलपुर गाउमा अवस्थित यस फर्ममा सदस्यहरुको सुविधाको लागि कस्टम हायरिङ्ग सेन्टर समेत संचालनमा रहेको जसबाट सदस्यले भाडामा खनजोत सेवा, थ्रेसर सेवा, टयँकर पानी आदि सेवाहरु उपलब्ध गराउने गरिएको छ ।

**ञ) विद्यालय सञ्चालन :**

संस्थाका सदस्यहरुको बालबालिकाहरुलाई सस्तो शुलभ, गुणस्तरीय शिक्षा दिनको लागि स्थापना गरिएको बिजी एकेडेमी एण्ड रिसर्च सेन्टर नामक विद्यालयमा यस आ.व.मा विद्यालय तर्फ भर्ना, तथा अन्य शुल्कबाट रु.९१ लाख ६२ हजार ७८५ रुपैया प्राप्त भएको छ। उक्त विद्यालयमा हाल ३०० जना बालबालिकाले गुणस्तरीय शिक्षा पाईरहेका छन ।

**३ कार्यक्षेत्र तथा सेवा केन्द्र विस्तार :**

समिक्षा अवधिको अन्तसम्ममा संस्थाले कर्णाली प्रदेशको सुर्खेत, दैलेख, जाजरकोट र जुम्ला जिल्ला गरी कुल ४ जिल्ला भरमा रहेको सेयर सदस्यहरुको सुविधाको लागी कुल २३ वटा सेवा केन्द्र स्थापना गरी सेवा विस्तार गर्न सफल भएको छ । यस आ.व.को अन्तसम्म जुम्ला जिल्लामा ३, जाजरकोट जिल्लामा २, दैलेख जिल्लामा ६, सुर्खेत जिल्लामा १२ वटा सेवा केन्द्र गरी कुल २३ वटा सेवाकेन्द्रहरु संचालनमा रहेका छन । यस यस आ.ब.मा २१०० जनालाई संस्थाको नया सेयर सदस्यता प्रदान गरिएको थियो भने १५०२ जना सदस्यको सदस्यता खारेज गरिएको थियो । जस पश्चात २०८२ असार मसान्तसम्ममा संस्थामा कुल ६३७३४ जना सेयर सदस्यहरु रहेको, जसमध्ये ४८,०७३ जना महिला, १५६५० पुरुष सदस्य रहेका  र ११ वटा संस्थागत सदस्य रहेका छन ।

**४. संस्थागत सुशासन तथा अनूपालन**

संस्थागत सुशासन (Corporate Governance) को स्तरलाई उच्चतम राख्ने कुरामा संस्थाले सदैव महत्व दिदै आएको र आगामी बर्षमा पनि उच्चतम कायम राख्ने कुरामा हामी प्रतिबद्ध छौं । संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्ने संस्थाको उद्देश्य, नीति, आन्तरीक संरचना र कर्मचारीका आचरणको व्यवस्था

गरिएका छन् । संचालक तथा कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहितालाई कार्यन्वयनमा ल्याईएको छ । सञ्चालक समितिका तथा संस्थाका सबै कार्यहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान संस्था सदैव क्रियाशील रही आएको छ ।

## ५. सम्पत्ति शुद्धिकरण निवारणतर्फका कार्यहरुको कार्यान्वयन अवस्था :

सम्पत्ती शुद्धीकरण निवारण ऐन २०६४, सो अन्तरगत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयका लागि सहकारी विभागद्वारा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को दफा २७ मा ऐनको दफा ७त. को उपदफा (१) लगाएत ऐन, नियमावली र निर्देशनमा रहेका अन्य व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न संस्थाले आन्तरीक नीति तथा कार्यविधि २०७५ तयार गरी साधारण सभाको स्वीकृतीमा लागु गरिएको छ । त्यसै गरी यसको प्रभावकारी कार्यान्वयनका लागि संस्थाका अधिकृत श्री राजन चपाईलाई कार्यान्वयन अधिकारीको रुपमा नियूक्त गरिएको छ । त्यसै गरी GOAML को system मा दर्ता भई अनलाईन मार्फत नियमित रुपमा प्रतिवेदनहरु पठाउने गरिएको छ ।

## ६. सहकारी विभागबाट दिईएको निर्देशन एव सुझाव कार्यान्वय अवस्था :

संघ एवं प्रदेश सहकारी विभागबाट समय-समयमा जारी भएका नीति एवं निर्देशनलाई संस्थाले पूर्ण रुपमा कार्यान्वयन गर्दै आएको छ र आगामी दिनहरुमा पनि पूर्ण रुपमा कार्यान्वयन गरिने छन् ।

## ७. सूचना प्रविधि

संस्थाले आधुनिक सूचना प्रविधिको विकासका लागि केन्द्रिय कार्यालयमा आई.टि विभाग स्थापना गरेको जसमा संस्थाले आफ्नै भवनमा २४ सै घण्टा संचालितहुने हाईटेक सर्भर कम्प्यूटर मार्फत अनलाईन कोर बैंकिङ्ग सिस्टममा सदस्यहरुको कारोबार संचालन गर्ने गरीन्छ । संस्थाले सदस्यको सहज वित्तिय पुहुचको लागि मोबाईल एप मार्फत मोबाईल बैंकिङ्ग सेवा संचालन गरीरहेको छ, संस्थाको आफनै मोबाईल बैकिङ्ग एप मार्फत सदस्यहरुले घरै बसि मोबाईलको रिचार्ज, टेलिफोन बिल, पानी तथा विद्युत महशुल भुक्तानी, स्कुल फिस भुक्तानी, हवाईजहाजको टिकट, बसको टिकट, होटल रेष्टुरेन्ट विल जस्ता अत्यावश्यक सेवाहरु मोबाईलबाट सिधै भुक्तानी गर्ने सुविधा प्रदान गरिएको छ । उक्त सेवामा सदस्यले आफ्नो अन्य बैंकमा रहेको खाताबाट सहकारीको खातामा, र यस सहकारीमा भएको रकम अन्य बैंक खातामा समेत सहजरुपमा ट्रान्सफर गर्ने व्यवस्था समेत गरिएको छ । सदस्यले सो एप मार्फत आफ्नो संस्थामा भएको सम्पूर्ण बचत खाताको ब्यालेन्स तथा स्टेटमैन्टहरु समेत हेर्न मिल्ने गरी व्यवस्था गरिएको छ । सदस्यहरुको सुविधाको लागि संस्थाले भबिष्यमा समेत नया नया सूचना प्रविधिमा समयानुकुल सुधार एवं विकास गर्दै लाने लक्ष्य राखिएको छ ।

## ८. आन्तरिक नियन्त्रण प्रणाली :

सदस्यहरुको व्यावसायमा निहित कर्जा, विनाधितो लघुकर्जा, बजार तथा सञ्चालन लगाएतका जोखिमहरुलाई दृष्टिगत गरी संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबूत बनाउने नीति लिएको छ । यस सम्बन्धमा संस्थाको कारोबारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरु बनाई कार्यान्वयनमा ल्याइएको छ । त्यसै गरी संस्थाका कामकार्यवाहिहरु प्रचलित कानुन बमोजिम भए गरेको छ/छैन त्यसको एकिन गर्ने उद्देश्यले साधारण सभा मार्फत लेखा सुपरीवेक्षण समितिको गठन गरिएको छ । उक्त समितिले संस्थाका हरेक गतिविधि सहकारी ऐन, नियम र मापदण्ड अनुरुप भए नभएको निरीक्षण गर्ने व्यवस्था रहेको छ । संस्थाले आन्तरीक नियन्त्रणलाई अझ प्रभावकारी बनाउन संचालक समितिले केन्द्रिय कार्यालय एवं लेखा सुपरीवेक्षण समितिको मातहतमा रहने गरी एक छुट्टै आन्तरिक लेखा परीक्षण विभाग गठन गरेको छ । उक्त विभागले संस्थाको सम्पूर्ण सेवा केन्द्र (शाखा कार्यालय) लगाएत अन्य क्षेत्रको पनि नियमितरुपमा अनुगमन गरी लेखा समिति तथा व्यवस्थापन समितिलाई आन्तरीक लेखा परीक्षण प्रतिवेदन पेश गर्ने, भेट्टिएका कैफियतहरुलाई सुधार गर्नका लागि शाखा तथा उपशाखा कार्यालयहरुलाई

सुझाव पत्र दिने र भए गरेको प्रगति तथा सुधारलाई रेकर्ड राख्ने र चेकजाच गर्ने कार्यहरु गर्ने गरेको छ। भने लेखा समितिले संचालक समितिलाई विभिन्न राय तथा सुझावहरु दिई प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ।

## ९. विप्रेषण कारोबार :

संस्थाले विप्रेषण कारोबारलाई अझ प्रर्बधन र प्रभावकारी बनाउदै लैजाने क्रममा स्वदेशमा रहेका विभिन्न रेमिटेन्स कम्पनीहरुसंग सम्झौता गरी विप्रेषण कारोबार विस्तार गर्दै लगिरहेको छ। संस्थाले IME, Prabhu Money Transfer, Himal Remit, Western Union, City Express Money Transfer, Cashway remit, Samshara remit, Nepal remit जस्ता विप्रेषणको काम गर्ने रेमिटान्स कम्पनीहरुसंग सम्झौता गरी विप्रेषण सम्बन्धी कार्यलाई निरन्तरता दिईएको छ। संस्थालाई विप्रेषण कारोबारबाट यस आ.ब.मा कुल २ लाख ३१ हजार ६८३ रुपैया आम्दानी प्राप्त भएको छ।

## १०. बाह्य बैंकहरुसंग भएको कर्जा कारोबार :

संस्थाको सेयर सदस्यहरुलाई विभिन्न शिर्षकमा कर्जा लगानी गर्नका लागि बाह्य बैंकहरुसंग गरेको कर्जा कारोबारमा प्रस्तुत आ.व.मा गत आ.ब.मा बाकि रहेको कर्जा पुर्णरुपमा भुक्तानी गरी बाह्य ऋण शुन्य मौज्दात रहेको छ।

## ११. संस्थागत सामाजिक उत्तरदायित्व

संस्थागत सामाजिक उत्तरदायित्वको निर्वाहमा संस्थाले आफ्नो स्थापनाकालदेखिनै प्रत्यक्ष रुपमा तथा विभिन्न सामाजिक तथा सम्बद्ध संस्थाहरुको माध्यमबाट योगदान पुऱ्याउदै आएको छ। संस्थाले खास गरी शिक्षा, स्वास्थ्य, खेलकुद, संस्कृतिलगायत प्राकृतिक प्रकोपबाट पीडितलाई सहयोग गर्दै आएको छ। संस्थागत सामाजिक कार्यक्रम अन्तरगत आ.ब. २०८१/०८२ मा संस्थाले कुल ४८ लाख ३३ हजार १ सय ६३ रुपैया खर्च भएको छ।

- आ.ब. २०८१/०८२ मा विभिन्न कारणबस स्वर्गीय हुनुभएको ४९ जना सदस्यहरुको आश्रीत परीवारलाई सदस्य सुरक्षा कोषबाट रु.४७ लाख ३९ हजार १३३ रुपैया वितरण गरिएको छ।
- सामाजिक सहयोग खर्च बापत रु. ९४,०३० सहयोग गरिएको छ।

## १२. संचालक समिति तथा लेखा समितिमा भएको हेरफेर र त्यसको कारण

आ.व. २०८१/०८२ मा संस्थाको संचालक समितिमा कुनै हेरफेर गरिएको छैन।

## १३. अन्य समितिहरु

**ऋण समिति :** संस्थाको संचालक समितिले श्री पासाङ्ग महत्तराको संयोजकत्वमा श्री पदमा महत्तरा र श्री बिशाल के.सी. गरी ३ सदस्यीय ऋण समितिको गठन गरेको छ। उक्त समितिले संस्थाको ऋण नितीनियमावली अनुसार दिईएको निर्देशन अनुरुप सदस्यहरुले माग गरेको कर्जा स्वीकृत गर्ने तथा ठुला कर्जाहरु संचालक समिति समक्ष स्वीकृतीका लागि सिफारिश गर्ने कार्य गर्दछ। उक्त समितिले आ.व. २०८१/०८२ मा १९५ पटक बैठक बसेको थियो।

**कर्मचारी पदपुर्ति समिति :** संस्थाको संचालक समितिले श्री पासाङ्ग महत्तराको संयोजकत्वमा श्री लक्ष्मण रोकाया र श्री बिशाल के.सी. सदस्य रहेको ३ सदस्यीय कर्मचारी पदपुर्ति समिति रहेको। उक्त समितिले कर्मचारीहरुको भर्ना छनौट तथा स्थायी नियूक्ति र पदोन्नती सम्बन्धमा संस्थाको नियमावली र सहकारी ऐन नियमले दिएको अधिकार प्रयोग गरी संचालक समिति समक्ष सिफारीश गर्ने कार्य गर्दछ। समिक्षा अवधिभर उक्त समितिबाट सिफारीश भई ५७ जना नया कर्मचारीको नियूक्ति गरिएको थियो भने ३८ जना कर्मचारीको राजिनामा स्वीकृत गरिएको थियो।

**भवन निमार्ण उपसमिति :** संस्थाको संचालक समितिले श्री पासाङ्ग महत्तराको संयोजकत्वमा श्री पदमा महत्तरा र श्री बिशाल के.सी. गरी ३ सदस्यीय भवन निमार्ण समिति गठन गरी विद्यालय तर्फको भवन निमार्ण कार्य गरीराखिएको छ ।

## १४. सरकारी राजस्वमा योगदान :

आ.व. २०८१/०८२ असार मसान्तसम्ममा अग्रीम आयकर वापत २१ लाख ९३ हजार ५२ रुपैया आन्तरीक राजस्व कार्यालयमा अग्रीम रुपमा जम्मा रहेको छ । यस आ.व.को नाफामा २१ लाख २१ हजार २०० रुपैया आयकर वापत व्यवस्था गरिएको छ ।

## १५. संस्थाको कारोबारलाई असर पार्ने मुख्य कारकहरु :

संस्थाको कारोबारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरुलाई तल प्रस्तुत गरेको छु ।

क) नेपाल सरकार वा सहकारी विभागले सहकारी संस्था सम्बन्धी नीतिमा परिवर्तन गर्दा श्रृजना हुनसक्ने संभावित जोखिमहरु ।

ख) निक्षेप तथा कर्जा लगानीको व्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरु ।

ग) यथा समयमा कर्जा असुल नभई उत्पन्न हुने जोखिमहरु ।

घ) देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरु ।

ङ) अन्तरराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

च) पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु ।

छ) दैविप्रकोप तथा विनासकारी घटनाहरुबाट देशको अर्थतन्त्रमा पर्न सक्ने नाकारात्मक असरहरु ।

ज) देशको राजनैतिक अस्थिरताले पर्न सक्ने असरहरु ।

झ) तिब्रतर बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरु ।

ञ) बाह्य बैंक वित्तिय संस्थाबाट लिएको कर्जाको व्याजदरमा भएको बृद्धिका कारण पर्न सक्ने जोखिमहरु ।

## १६. लेखापरीक्षकको नियूक्ति :

संस्थाको आर्थिक बर्ष २०८१/०८२ का हरहिसाबहरु लेखापरीक्षण गर्नको लागि २४ औं बार्षिक साधारण सभाबाट नियूक्त हुनु भएका जोशी एण्ड भण्डारी चाटर्ड एकाउण्टेण्ट्सका साझेदार सि.ए. ज्ञानेन्द्र सुवेदीज्यूबाट सम्पन्न भयो । संस्थाको लेखापरीक्षण कार्य गरी वित्तिय विवरण उपलब्ध गराएबापत लेखापरीक्षकज्यू लगायत सम्पूर्ण टिमलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

## १७. मानव संसाधन :

२०८२ आषाढ मसान्तसम्ममा संस्थामा कुल २६९ जना कर्मचारी कार्यरत रहेका छन् । कुल कर्मचारी मध्ये १४३ जना पुरुष र १२६ जना महिला कर्मचारीहरु रहेका छन् । जसमध्ये केन्द्रिय कार्यालयतर्फ २२ जना, सहकारी तर्फ ६१ जना, लघुवित्त कार्यक्रम तर्फ ११० जना, डेरी उद्योगमा ६ जना, पानी उद्योगमा ३४ जना, कृषि फर्ममा ७ जना, विद्यालय तर्फ २८ जना कर्मचारीहरु कार्यरथ रहेका छन । सदस्यहरुलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्त गर्न संस्थाको जनशक्तिको दक्षता बृद्धिका लागि कर्मचारीहरुलाई आवश्यक तालिम, गोष्ठि र क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्ने गरिएको, तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुको भ्रमण तथा अध्ययन अवलोकनको कार्यक्रममा सहभागी गराईएको छ । आगामी बर्षमा समेत सोहि अनुरुप तालिम तथा भ्रमणका कार्यक्रम संचालन गर्ने नीति लिईएको छ ।

## १८. भावी कार्यक्रम :

यस संस्थाको भावी कार्यक्रम विस्तृत रुपमा निति तथा बजेट प्रतिवेदन भित्र आउने छ जसको सार निम्न बमोजिम रहेको छन ।

क) संस्थाका सेयर सदस्यहरुबाट सेयर लगानी बृद्धि गर्ने ।

ख) सदस्यहरुको बचत बृद्धि गर्ने ।

ग) संस्थाको बार्षिक साधारण सभा तथा बिशेष साधारण सभाबाट पारित निर्णय बमोजिम उपयुक्त देखिएको सहकारी संस्थाहरुसंग मर्जर गर्ने ।

घ) संस्थाको प्रसोधित पिउने पानी उद्योगको बजार बृद्धि विस्तार गर्ने ।

ङ) विप्रेशणको कारोबारलाई अझ व्यवस्थित गरी अन्य रेमिटान्स सेवा प्रवाह गर्ने कम्पनिहरुसंग समेत सम्झौता गरी त्यसको कार्यक्षेत्र र कारोबार बृद्धि गर्ने ।

च) कर्जाको गुणस्तरमा सुधार गर्दै लैजाने र कर्जा विस्तार गर्दा कृषि, साना तथा घरेलु उद्योगको विकासका लागि लगानीमा अझै बृद्धि गर्ने ।

छ) लघुवित्त कार्यक्रममा नितीगत सुधार गरी सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने, स्वच्छ लघुवित्तको अभियानलाई अघि बढाउने ।

ज) सदस्यहरुलाई आधुनिक कृषि प्रणाली सम्बन्धमा अध्ययन, अनुसन्धान गराई सिप क्षमता अभिबृद्धि गराउनका लागि स्थापना गरिएको कृषि अनुसन्धान केन्द्रलाई अझै व्यवस्ति गर्ने ।

झ) संस्थाको आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनलाई अझ बढी सुदृढ गर्ने ।

ञ) सूचना प्रविधिलाई समयानुकुल सुधार एवं विस्तार गर्ने ।

ट) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न थप कार्यक्रमहरु सञ्चालन गर्ने ।

## १९. लेखापरीक्षण, वासलात र अन्य विवरण

२०८२ आषाढ मसान्तको वासलात, २०८१/८२ को नाफा-नोक्सान हिसाब, नाफा बाडफाड हिसाव, नगद प्रवाह विवरण, सम्बद्ध टिप्पणीहरु र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रुपमा राखिएको छ ।

## २०. नाफा बाँडफाँड :

आ.ब. २०८१/०८२ मा संस्थाले आयकर पछि रु. १ करोड २८ लाख ६४ हजार ६१० रुपैया आयकर पछिको खुद नाफा भएकोमा सहकारी ऐन २०७४ को दफा ६८ बमोजिम खुद नाफाको २५ प्रतिशत अर्थात ३२ लाख १६ हजार १५२ रुपैया जगेडा कोषमा छुट्याइएको छ । जगेडा कोष विभाजन पश्चात बाकि रहेको रकमलाई १०० प्रतिशत मानी सहकारी ऐनको दफा ६९ बमोजिम संरक्षित पूँजी फिर्ता कोषमा २५ प्रतिशत अर्थात २४ लाख १२ हजार ११४ रुपैया छुट्याईएको छ। यसै गरी सोहि ऐनको दफा ७० बमोजिम सहकारी प्रबर्द्धन कोषमा ०.५ प्रतिशत अर्थात ४८ हजार २४२ रुपैया छुट्याईएको छ । सहकारी नियमावली २०७५ को नियम २७ मा गरीएको व्यवस्था अनुरुप शुद्ध मुनाफाबाट जगेडा कोष, संरक्षित पूजीकोष, सहकारी प्रबर्द्धन कोष छुट्याई बाकि रहेको शेष रकम ७१ लाख ८८ हजार १०१ रुपैयालाई शत प्रतिशत मानि अन्य कोषहरु अन्तरगत शेयर लाभांश कोषमा ७० प्रतिशतका दरले ५० लाख ३१ हजार ६७० रुपैया, सहकारी शिक्षा तथा तालिम कोषमा ५ प्रतिशतका दरले ३ लाख ५९ हजार ४०५ रुपैया, संस्था (सहकारी) विकास कोषमा ५ प्रतिशतका दरले ३ लाख ५९ हजार ४०५ रुपैया, घाटा पुर्ति कोषमा ५ प्रतिशतका दरले ३ लाख ५९ हजार ४०५ रुपैया, सामुदायिक विकास कोषमा ५ प्रतिशतका दरले ३ लाख ५९ हजार ४०५ रुपैया, अन्य जोखिम व्यवस्थापन कोषमा ५ प्रतिशतका दरले ३ लाख ५९ हजार ४०५ रुपैया, कर्मचारी बोनस कोषमा ५ प्रतिशतका ३ लाख ५९ हजार ४०५ रुपैया नाफा बाडफाड गरीएको छ।

संस्थामा कार्यरत कर्मचारीहरुलाई दिईने कर्मचारी बोनस वापतको रकम संस्थाले बोनस ऐन अनुसार दिईने व्यवस्था रहेको र सहकारी ऐन मुताविक नाफा बाडफाडमा समेत कर्मचारी बोनस अनिवार्य राख्नुपर्ने व्यवस्था

रहेका कारण उक्त नाफा बाडफाड कोषमा व्यवस्था गरिएको कर्मचारी बोनस रकम कर्मचारीलाई वितरण नगरी जगेडा कोषमा स्थानान्तरण गर्ने गरी व्यवस्था मिलाईएको छ ।

त्यसै गरी यस बर्षको शेयर लाभांश कोषमा रहेको रकम प्रति शेयर  नगद लाभांश वितरण गर्ने र संरक्षित पुजि फिर्ता कोषमा रहेको रकम सहकारी नियमावली २०७५ को नियम २५ मा व्यवस्था गरीए अनुरुप सदस्यले जम्मा गरेको बचतको लागि ४० प्रतिशत तथा लिएको ऋणमा तिरेको व्याजको लागि ६० प्रतिशत विनियोजन गरी संरक्षित पुजी कोष फिर्ता गर्ने प्रस्ताव गरिएको छ ।

**२१. लेखापरीक्षण प्रतिवेदनमा संचालक समितिको प्रतिक्रिया:**

संस्थाको नियमित कारोवारको सिलसिलामा देखिएका सामान्य टिप्पणीबाहेक खास प्रतिकुल टिप्पणी लेखापरीक्षण प्रतिवेदनमा देखिएको छैन । लेखापरिक्षकले दिएको सुझाव तथा सल्लाहलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

**धन्यवाद ज्ञापन**

सहकारीको परीभाषालाई जिवन्तता प्रदान गर्दै, अन्तरराष्ट्रिय सहकारी मुल्य मान्यतालाई कायम राख्दै कर्णाली प्रदेशको एक सफल र सक्षम सहकारी संस्थाको स्थापनाको लागि निरन्तर सहयोग, प्रोत्साहन र मार्गदर्शन प्रदान गरी संस्थाको मनोबल उच्च राख्न सहयोग गर्ने हाम्रा आदरणीय शेयरधनी महानुभावहरु, संस्थालाई प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा सहयोग गर्ने सम्पूर्ण सम्बद्ध पक्षहरु लगायत सबैलाई हार्दिक आभार प्रकट गर्दछु । संस्थाको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि संस्थाका कार्यकारी प्रमुख लगायत संस्थाका व्यवस्थापन समुहका मुख्य प्रबन्धक, वरिष्ठ प्रबन्धक, प्रबन्धक, सम्पूर्ण शाखा प्रबन्धक, आन्तरीक लेखा परीक्षक तथा सम्पूर्ण कर्मचारी परीवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै संस्थाका गतिविधिहरुलाई पुऱ्याइदिने संचार क्षेत्र र प्रत्यक्ष अप्रत्यक्ष रुपमा संस्थालाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद जय सहकारी ॥

संचालक समितिको तर्फबाट
**पासाङ महत्तारा**
सचिव

# बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

वीरेन्द्रनगर-०९, लाटिकोईली, सुर्खेत



## लेखा समिति प्रतिवेदन

